नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : ०८३/८४
चलानी नं. : ०२३

मिति: २०८३/०४/१९

श्री मानव सेवा आश्रम
काठमाडौं महानगरपालिका -२६
काठमाडौं ।

**विषय: सामाजिक सञ्जालमा बालबालिकाको तस्वीर तथा भिडियो प्रकाशन नगर्ने सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा त्यस मानव सेवा आश्रमद्वारा सञ्चालित बाल गृहमा संरक्षित बालबालिकाको तस्वीर तथा भिडियोहरू सामाजिक सञ्जालमा प्रकाशन गरिएको पाइएको सन्दर्भमा यस परिषद्को ध्यानाकर्षण भएको छ।

बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को मापदण्ड ९(१३) मा "बालबालिकाको गोपनीयता र आत्मसम्मानको रक्षाका लागि खाना खुवाउँदा तथा उपहार दिंदाको तस्वीरहरू सामाजिक सञ्जालमा राख्न वा प्रकाशन गर्न पाइने छैन।" भनी स्पष्ट व्यवस्था गरिएको छ।

बालबालिकाको पहिचान खुल्ने गरी तस्वीर तथा भिडियोहरू सामाजिक सञ्जालमा सार्वजनिक गर्दा उनीहरूको गोपनीयता, सुरक्षा, आत्मसम्मान तथा मानसिक स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले प्रचलित कानुन तथा बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को पूर्ण पालना गर्दै बाल गृहमा संरक्षित बालबालिकाको गोपनीयता, सुरक्षा तथा आत्मसम्मानको संरक्षण हुने व्यवस्था मिलाउनुका साथै आगामी दिनमा बालबालिकाको पहिचान खुल्ने वा उनीहरूको गोपनीयता तथा आत्मसम्मानमा असर पर्न सक्ने तस्वीर तथा भिडियोहरू सामाजिक सञ्जालमा प्रकाशन नगर्नु हुन तथा हालसम्म सामाजिक सञ्जालमा प्रकाशन गरिएका त्यस्ता सामग्रीहरू समेत तत्काल हटाउनु हुन निर्देशानुसार अनुरोध छ।

बोधार्थ:
श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

सुनीता शाह
बाल संरक्षण अधिकृत